आज मिति २०८३।०२।२० गते बुधबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखे्रल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु**

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मितिः २०८३।०२।२० गते, बैठक संख्याः१६ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

**प्रस्ताव नं. १६.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**प्रस्ताव नं. १६.२ शिक्षा निर्देशकको नियुक्ति सम्बन्धमा ।**

CamScanner

***मिति: २०८३।०२।२० गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १६ का निर्णयहरु***

**प्रस्ताव नं. १६.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १६.१** अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु अन्तर्गत महालेखा परीक्षकको आर्थिक वर्ष २०८१।०८२ को लेखा परीक्षण प्रतिवेदन माथी छलफल भयो र आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमको तयारी गरी जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने गरी छलफल भएकोले सोही अनुसार अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १६.२ शिक्षा निर्देशकको नियुक्ति सम्बन्धमा,**

**निर्णय नं. १६.२** यस कार्यालयको पत्र सङ्ख्या ०८२।०८३, चलानी नं. २३५, मिति २०८२।०४।१८ गतेको पत्रानुसार प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशमा यस कार्यालयमा रिक्त रहेका पदहरुमा पदपूर्तिको लागि माग आकृति फारम भरी पठाएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपालको बढुवा समितिको सचिवालयबाट मिति २०८२।१२।१४ गते कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना प्रकाशनमा बढुवा सूचना नं. ८३।२०८२-०८३, स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन समूह, नवौं तहको शिक्षा निर्देशक पदमा श्री दलबहादुर चौधरी (कर्मचारी सङ्केत नं. २१८१०५) बढुवामा सिफारिस भएको। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चलानी नं. १९९०, मिति २०८३।०२।०५ गतेको पत्रानुसार कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवामा सिफारिस हुनुभएका सोही सेवा समूह, पद र तहका निज दल बहादुर चौधरीलाई स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १८ बमोजिम बढुवा नतिजाको सूचना प्रकाशन भएको मितिले ३६औं दिन देखि ज्येष्ठता लागु हुनेगरी नियुक्ति दिई पदस्थापन गर्नु भनी पठाईएको र दफा १८ को उपदफा १ मा नवौं तह वा सो भन्दा माथिको पदमा नियुक्ति गर्दा कार्यपालिकाबाट गर्ने व्यवस्था रहेकोले यस कार्यालयको रिक्त दरबन्दीमा नियुक्तिको लागि सिफारिस भई आएका दल बहादुर चौधरीलाई स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन समूह, नवौं तहको शिक्षा निर्देशक पदमा नियुक्ति दिई कामकाजमा लगाउने निर्णय गरियो।